कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

प.सं.: ०७७/७८

च.नं : २८४

मिति : २०७७/०४/३२

## प्रेस विज्ञप्ती ।

प्रस्तुत विषयमा मिति २०७७/०४/३२ गते विहान बसेको कार्यपालिका बैठकले आजैका मिति देखि लागु हुने गरि यस गाउँपालिका भित्र कोभिड १९ रोकथाम र नियन्त्रणका लागि मिति २०७७/०५/०६ गते शनिवार राति १२.०० बजे सम्म लागु हुने गरि तपशिल अनुसारको निर्णय भएकोले पूर्ण रुपमा निर्णय कार्यान्वयनको लागि सवैमा अपिल गरिन्छ ।

तपशिल :

१. अत्यावश्यक सेवाहरु (स्वास्थ्य संस्था, औषधि पसल, दुध डेरी) बाहेकका अन्य व्यवसाय, पसल, होटलहरु र निर्माण कार्यहरु विहान ८ बजेदेखि १ बजेसम्म मात्र सन्चालनको व्यवस्था मिलाउने । व्यवसायीले अनिवार्य रुपमा मास्क, सेनिटाइजर, साबुन पानीको प्रयोग गरी भौतिक दुरी अपनाई मात्र सामानहरु बिक्री वितरणको व्यवस्था मिलाउनु पर्ने ।

२. स्थानीय हाट बजारहरुको हकमा अर्को सूचना जारी नहुन्जेलसम्म पूर्ण रुपमा बन्द गर्ने ।

३. सबै प्रकारको सभा,सम्मेलन, भेला, गोष्ठिहरु सन्चालन गर्न नदिने/नगर्ने ।

४. सकेसम्म विवाह, ब्रतवन्ध, पुजा लगायतका कार्यहरु नगर्ने । विवाह गर्ने र मलामि जानु पर्ने हकमा २५ जना भन्दा बढी भेला हुन नदिने/नपाइने । उल्लेखित सख्यामा जम्मा हुँदा समेत अनिवार्य रुपमा मास्क, सेनिटाइजरको प्रयोग गर्ने ।

५. बैंक, वित्तीय संस्था र सहकारीहरुले प्रत्येक दिन १०.०० बजे देखि १.०० बजेसम्म स्वास्थ्य प्रोटोकलको पालना गरेर मात्र सन्चालन गर्ने/गराउने ।

६. गाउँपालिका कर्मचारी र वडा कार्यालयका कर्मचारीहरुको कन्ट्याक्ट ट्रेसिङ्को कारण पिसिआर परीक्षण भै सकेकोले नतिजा प्राप्त भएपछि तुरुन्त सन्चालनमा आउने । उल्लेखित मितिसम्म सम्पूर्ण विद्यालयहरुको विद्यालय प्रशासन समेत बन्द गर्ने/गराउने ।

७. सिटी सफारि, टेम्पो चालकहरुले अनिवार्य रुपमा मास्क र सेनिटाइजरको प्रयोग गर्ने र एक पटकमा २ जना भन्दा बढी यात्रु नबोक्ने । बोकेको पाइएमा स्थानीय प्रहरीले कारवाही गर्ने ।

८. अति जरुरी र आवश्यक काममा बाहेक मानिसहरु घर बाहिर हिंडडुल नगर्ने । निस्कनु पर्ने अवस्थामा अनिवार्य रुपमा मास्क लगाउने । मास्क नलगाई हिडडुल गर्ने लाई स्थानीय प्रहरीले नियमानुसार जरिवाना लिने । विदेशबाट आएका व्यक्तिहरु भएमा परिवार र टोल विकास संस्थाले गाउँपालिका स्वास्थ्य शाखामा तुरुन्तै जानकारी गराउने ।

४/३२